# निद्रा आएन कथाको रचनाविधान

**डा. नेत्रबहादुर श्रेष्ठ**

**नेपाली विभाग, त्रिचन्द्र बहुमुखी क्याम्पस, त्रिवि, नेपाल**

**Email :netra2netra2034@gmail.com**

**लेखसार**

प्रस्तुत अध्ययन 'निद्रा आएन कथाको रचनाविधान' विश्लेषणमा आधारित छ। कथाको रचनाविधानले कथाको निर्माणप्रक्रियालाई बुझाउँछ। कथाको रचनाविधानको अध्ययनबाट कथाको समग्र रूपाकृतिको निरूपण गर्न सकिने हुनाले समीक्षाशास्त्रमा यसको महत्त्व रहेको पाइन्छ। यस अध्ययनमा कथाको रचनाविधानसम्बन्धी प्रारूप प्रस्तुत गर्दै विवेच्य कथाको रचनाविधानको विश्लेषण गरिएको छ। कथाको रचनाविधानअन्तर्गत संरचना र रूपविन्यास पर्दछन्। यस अध्ययनमा प्रस्तुत कथाको संरचनाअन्तर्गत कथावस्तु, पात्रविधान, दृष्टिविन्दु तथा सारवस्तुको सूक्ष्म विश्लेषण गरी ती तत्त्वहरूको अन्तरसम्बन्ध र कलापक्षको निरूपण गरिएको हुँदा यसमा निगमनात्मक विधि अवलम्बन गरिएको छ। यसमा रूपविन्यासको पनि सूक्ष्म अध्ययन गरी यसको कथात्मक सौन्दर्यको मापन र संरचना पक्षसँगको अन्तरसम्बन्धको समीक्षा गरिएको छ। यसमा 'निद्रा आएन' कथालाई प्राथमिक सामग्रीका रूपमा ग्रहण गरी कथाको रचनाविधानसँग सम्बन्धित पुस्तक तथा लेखहरूलाई द्वितीयक सामग्रीका रूपमा ग्रहण गरिएको छ। सामग्रीको सङ्कलन पुस्तकालय कार्यबाट गरिएको छ। यस अध्ययनबाट प्रस्तुत कथामा कथानकको संरचना वा रूपविन्यासको उपयुक्त संयोजन भएका कारण रचनाविधानका दृष्टिले यसको कथाकला परिपुष्ट रहेको निष्कर्ष प्राप्त भएको छ।

**मुख्य शब्दावली :** रचनाविधान, निरूपण, अन्तरसम्बन्ध, संरचना, रूपाकृति।

## विषयपरिचय

गोविन्दबहादुर मल्ल 'गोठाले' (वि.सं.१९७९-२०६७) सामाजिक पक्षलाई सूक्ष्म दृष्टि दिने सामाजिक यथार्थवादी कथाकार हुन्। उनी सामाजिक समस्यालाई खोतलेर देखाउने मात्र नभई सामाजिक विकृति, विसङ्गतिप्रति व्यङ्ग्य प्रस्तुत गर्ने हुनाले आलोचनात्मक सामाजिक यथार्थवादी कथाकार पनि हुन्।

वि.सं. १९९७ मा शारदा पत्रिकामा 'त्यसको भाले' शीर्षकको कथा लेखेर नेपाली साहित्यमा पहिलोपटक पाइला टेकेका गोठालेका कथासङ्ग्रह (२००३), कथैकथा (२०१६), प्रेम र मृत्यु (२०३९) कथासङ्ग्रहहरू प्रकाशित छन्। 'निद्रा आएन' कथा सर्वप्रथम २००० सालमा 'शारदा' पत्रिकामा प्रकाशित तथा 'कथासङ्ग्रह' (२००३) मा सङ्गृहीत बाल मनोविश्लेषणात्मक कथा हो। यस कथामा हाम्रो समाजमा प्रचलित अन्धविश्वासी रूढिग्रस्त सोचाइ र छोराछोरीको बिचमा हुने भेदभावपूर्ण व्यवहारले निर्दोष र

निश्छल हृदय भएका बालबालिकामा पर्ने मानसिक असरको विश्लेषण गरिएको छ (बराल र एटम, २०६७, पृ. ९३ )।

यस सन्दर्भमा 'निद्रा आएन' कथाको रचनाविधान के कस्तो रहेको छ भन्ने प्राज्ञिक जिज्ञासा नै प्रस्तुत अध्ययनको मुख्य समस्या हो। प्रस्तुत कथाको रचनाविधानमा केन्द्रित भएर हालसम्म गहन अध्ययन हुन नसकेको सन्दर्भमा प्रस्तुत कथामा के कस्तो रचनाविधान पाइन्छ भन्ने मूल उद्देश्यमा केन्द्रित भई प्रस्तुत अध्ययनलाई व्यवस्थित गरिएको छ। रचनाविधानको समग्रताका आधारमा हालसम्म यस कथाको अध्ययन हुन सकेको छैन। त्यसैले यस अध्ययनको औचित्य र महत्त्वसमेत स्थापित हुने हुँदा यस अध्ययनमा उक्त कथाको रचनाविधानको विश्लेषण गरी निष्कर्षमा पुगिएको छ।

## अध्ययनविधि

प्रस्तुत अध्ययन गुणात्मक अध्ययन भएको हुनाले अध्ययन कार्य सम्पन्न गर्नका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्री पुस्तकालयीय कार्यबाट सङ्कलन गरिएको छ। यस क्रममा पुस्तकालयीय कार्यबाट सङ्कलित सामग्रीहरूको तथ्यापन गरी त्यसकै आधारमा सामग्री विश्लेषण गरिएको छ। यस सन्दर्भमा प्राथमिक सामग्रीका रूपमा 'निद्रा आएन' कथा रहेको छ भने उक्त कथासँग सम्बन्धित भएर गरिएका अन्य अध्ययनहरू द्वितीय सामग्रीका रूपमा रहेका छन्। विश्लेषणका क्रममा वर्णनात्मक विधिको उपयोग गरिएको छ भने आवश्यकताअनुसार आगमनात्मक, निगमनात्मक, विवरणात्मक तथा तुलनात्मक विधिको समेत प्रयोग गरिएको छ। प्रस्तुत अध्ययन मुख्यतः कथाको रचनाविधानसम्बन्धी अध्ययन भएको हुनाले यसमा रचनाविधानको अध्ययन गर्दा कथाको रचनाविधानको सैद्धान्तिक प्रारूपका आधारमा 'निद्रा आएन' कथाको रचनाविधान विश्लेषण गरिएको छ। समस्याको प्राज्ञिक तथा प्रामाणिक समाधानका लागि यसमा प्रतिपादित सिद्धान्त एवं मान्यताहरूले समेट्न नसकेका सन्दर्भमा उपयुक्त अवधारणाहरूको समेत स्थापना गरी प्रस्तुत अध्ययन कार्य सम्पन्न गरिएको छ।

## सैद्धान्तिक पर्याधार

कथाको साङ्गठनिक स्वरूप नै कथाको रचनाविधान हो। यसलाई कथाका अङ्ग वा अवयव एवं कथातत्त्व पनि भनिन्छ। कथा एक यौगिक रचना भएकाले सबै अङ्गगत एकाइ वा उपकरणहरूको समन्वयबाट पूर्ण हुन्छ। यही नै आधुनिक कथाको रचनाविधान हो। संरचना र रूपविन्यास गरी रचनाविधानका दुई पक्ष हुन्छन् र यसभित्र अन्य पक्ष वा तत्त्वहरू रहेका हुन्छन्। रचनाविधानका आधारमा कथाको विश्लेषण गर्दा कथाले कसरी स्वरूप प्राप्त गरेको छ र यसको कलात्मक पक्ष के कस्तो छ भन्ने कुराको जानकारी हुन्छ। कथावस्तु भनेको कथामा कुनै घटना प्रसङ्ग हो। कथाको संरचनाका लागि कथाकारले आफूले परिकल्पना गरेको विषयगत रुचिक्षेत्रबाट कथावस्तु तयार गरेको हुन्छ। यही रुचिक्षेत्रलाई कथाकारले विषयवस्तुका रूपमा आकार प्रदान गरेको हुन्छ। कथावस्तु व्यक्ति वा समाजमा घटेका घटनाहरूको कथामा योजनाबद्ध तथा सङ्गठित रूपान्तरण हो। यसले चरित्र विकासमा ठुलो योगदान पुऱ्याउँछ। कथावस्तु योजनाबद्ध किसिमको हुन्छ। कथानक, द्वन्द्वविधान, परिवेश आदि कथावस्तुका आधारभूत तत्त्वहरू हुन्। यी तत्त्वहरूको अन्योन्य सम्बन्धद्वारा क्रियाव्यापार अगाडि बढ्छ र कथानक तयार हुन्छ (अवस्थी र अन्य, २०५५, पृ.३९ )।

कथानकका योजनामा आवश्यक तत्त्वहरूलाई क्रमबद्धता प्रदान गर्ने महत्त्वपूर्ण माध्यम पात्र हो । कथा योजनामा आवश्यक कुनै पनि उपकरणहरू पात्रनिरपेक्ष बन्न सक्दैनन् । त्यसैले यी तत्त्वबिना कथाको संरचनाको कल्पनासम्म पनि गर्न सकिँदैन । आधुनिक कथामा चरित्र र कथानकलाई अन्योन्याश्रित मानिन्छ । कथामा पात्रहरू मानव वा मानवेत्तर आदि विविध रूपमा उपस्थित हुन्छन् जसले कथामा रोचकता, कौतूहलता थप्नमा सहयोग पुऱ्याउँछन् । कथाकारले विभिन्न व्यक्तिहरूको चरित्रलाई मिलाएर आख्यानमा पात्रको चरित्र निर्माण गर्दछ र त्यसलाई प्रभावशाली एवम् प्रभावकारी ढङ्गले प्रस्तुत गर्दछ र त्यही नै चरित्रचित्रण हो । कथामा पात्र जुनसुकै र जस्तोसुकै भए पनि उनीहरूको चरित्रचित्रण स्वाभाविक र जीवन्त हुनुपर्छ । कथामा पात्रलाई प्रस्तुत गर्ने पद्धतिलाई चरित्रचित्रण भनिन्छ । यसका प्रत्यक्ष र नाटकीकरण गरी दुई पद्धति प्रचलित छन् (आचार्य र अन्य, २०५४, पृ.२३ ) ।

दृष्टिविन्दु कथानक प्रस्तुतिको पद्धति हो । यसमा समाख्याता कथा संसारभित्र वा बाहिर कहाँ बसेर कथा भनिरहेको छ र उसले कुन पात्रलाई दृष्टिविन्दु बनाएको छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । यसरी कथाकारले आफ्नो कथा सामग्रीलाई व्यक्त गर्दा मूलभूत माध्यमका रूपमा अवलम्बन गर्ने कथा शिल्पविधान सम्बद्ध महत्त्वपूर्ण विधिलाई दृष्टिविन्दु भनिन्छ । आधुनिक कथामा कथाकारले आफ्ना धारणा विचार दृष्टिविन्दुका माध्यमबाट पाठकसमक्ष प्रस्तुत गरेको हुन्छ भने यसले कथावस्तुलाई पाठकका निम्ति संवेद्य र प्रेषणीय पनि बनाउँछ । दृष्टिविन्दु मुख्य रूपमा आन्तरिक र बाह्य गरी दुई प्रकारका हुन्छन् । आन्तरिक दृष्टिविन्दुका केन्द्रीय र परिधीय गरी दुई उपप्रकार तथा बाह्य दृष्टिविन्दुका सीमित, सर्वदर्शी र वस्तुपरक गरी तीन उपप्रकारहरू हुन्छन् (श्रेष्ठ, २०५७, पृ. ११) ।

कथाकारले कथाका माध्यमबाट प्रस्तुत गर्ने सकारात्मक दृष्टिकोण वा विचारलाई सारवस्तु भनिन्छ । यो कथामा केन्द्रीय भाव वा विचारका रूपमा आएको हुन्छ । कथाकारले कृतिका माध्यमबाट आफूले व्यक्त गर्न खोजेको विचार वा अभिप्रायलाई सारवस्तु भनिन्छ । अर्को तरिकाले भन्नुपर्दा कुनै पनि कथाकृति पढिसकेपछि त्यसबाट पाठकले जुन भावार्थ वा अभिप्राय पाउँछ, त्यही नै सारवस्तु हो (श्रेष्ठ, २०५७, पृ. १२) । सारवस्तुलाई उद्देश्य, विचार, जीवनदर्शन वा सारतत्त्व पनि भनिन्छ । कथा संरचनामा कथावस्तुसँगै प्रत्यक्ष रूपमा विचारको बीज रोपिएको हुन्छ र त्यो नै पछि नाटकीकरण भई सारवस्तुका रूपमा प्रदर्शित हुन्छ । सारवस्तुलाई कथाकारले अभिधात्मक तथा प्रतीकात्मक कुनै पनि अर्थको तहबाट प्रदर्शन गर्न सक्दछ । कथाको रूपविन्यासले संरचनालाई कलाको घुम्टो ओढाई बेहुलीका रूपमा सिँगारेर कथा कलाको सौन्दर्यपूर्ण आकारमा उभ्याउँदछ त्यसैले रूपविन्यास संरचनाभन्दा बिल्कुलै पृथक् कुरा भने होइन । रूपविन्यास कथाको संरचनालाई सुन्दर रूपाकृति प्रदान गर्ने कलात्मक तत्त्व हो । यो कथाको कला पक्षसँग सम्बन्धित हुन्छ । रूपविन्यास कुनै पनि बनोट प्रक्रियाभित्र पर्ने सूक्ष्म कलात्मक पक्ष हो । यसलाई निर्माणप्रक्रिया उत्कर्षमा पुऱ्याउने कलात्मक अवयवहरूको समष्टि पनि भन्न सकिन्छ (पौड्याल, २०६६, पृ.१) । यसभित्र वाक्यगठन, पदविन्यास, बिम्बविधान, प्रतीकविधान, अलङ्कारविधान, प्राक्सन्दर्भ, शीर्षक आदि जस्ता कलापक्षसँग सम्बन्धित सूक्ष्म तत्त्वहरू पर्दछन् । रूपविन्यासले कथाको संरचनालाई मूर्त रूप दिई सुन्दर, रोचक र कलापूर्ण बनाउने हुनाले यसलाई कथाकारले प्रयोग गर्ने युक्तिका रूपमा पनि लिन सकिन्छ (श्रेष्ठ, २०५७, पृ. १३) । रूपविन्यास कुनै पनि साहित्यिक कृतिभित्रको सूक्ष्म तत्त्व हो । यो कला पक्षसँग सम्बन्धित रहेको हुन्छ । रचनाविधानको अध्ययनले कृतिको कथावस्तु, पात्रविधान, दृष्टिविन्दु, सारवस्तु तथा रूपविन्यास जस्ता पक्षहरूको अध्ययन गर्दछ । यस शोधलेखमा यसैअनुरूप निद्रा आएन कथाको अध्ययन गरिएको छ ।

# निद्रा आएन कथाको विश्लेषण

## संरचना

संरचना भनेको कथाको स्थूल स्वरूप वा आकृति हो। कथाकारका अनुभूतिजन्य घटनाहरूसित पात्रहरूलाई समन्वित गराएर कथाकारले एउटा योजनाबद्ध कथा निर्माण गरेको हुन्छ। त्यही नै कथाको संरचना हो। यसअन्तर्गत कथावस्तु, पात्रविधान, दृष्टिविन्दु र सारवस्तु जस्ता स्थूल तत्त्वहरू पर्दछन्।

## कथावस्तु

निद्रा आएन कथामा कथाकारले अशिक्षित सामाजिक जीवन र त्यसभित्रका रूढिवादी सामाजिक समस्यालाई एकै पटक उठाएका छन्। मूल रूपमा समाजमा विद्यमान सामाजिक कुसंस्कारले निम्त्याएको रूढिवादी समस्याको चित्रणमा कथाकारको रुचि देखिन्छ। विश्लेष्य कथामा एकातिर नेपाली समाजको सामाजिक अन्धविश्वास र बालबालिकाको निर्दोष मनमा पारेको कठोर चोटको अवस्थालाई छर्लङ्ग पारिएको छ भने अर्कातिर बालमनोविज्ञानलाई घृणाले नभई स्नेहले अनुकूल बनाउन सकिने विषयलाई स्वाभाविक ढङ्गले विश्लेषण गरिएको छ।

कथाको प्रमुख पात्र 'ज्ञानी' बालसुलभ स्वभाव भएकी निर्दोष बाल पात्र हो। उसले आफ्नी आमाको गर्भबाट जन्म लिएपछि त्यसबेला उसका बुबाको मृत्यु भएको छ। ऊ जन्मिएपछि बुबाको मुखै हेर्न नपाएकी ज्ञानीले घरपरिवार र समाजबाट बुबा टोक्ने अपराधीको संज्ञा पाएकी छे। उसले आफ्नै कारणले गर्दा बुबा मरेको लाञ्छना सहनुपरेको छ। यसै क्रममा उसले बालसुलभ सोचाइअनुसार आफू मरे बुबा फेरि फर्केर आउने कुरा गरेकी छे। यस कथामा सामाजिक अन्धविश्वास, अशिक्षित सोच, लैङ्गिक विभेद, सङ्कुचित सामाजिक धारणा र यसले बाल मानसिकतामा पार्ने प्रभावको सूक्ष्म विश्लेषण गरिएको छ। ज्ञानी सानी भएकीले उसलाई कसैले पनि बालसुलभ भावनाले हेर्ने र सोच्ने गरेको छैन। ऊ सानी भएकीले घरका सबैले उसप्रति होच्याउने व्यवहार गरेका छन्। सामाजिक कुसंस्कारका कारणले गर्दा तथा लैङ्गिक विभेदले गर्दा उसलाई समाजले कहिल्यै गम्भीर ढङ्गले बुझ्ने काम गरेको छैन। कथामा ज्ञानीको कारुणिक मानसिक विचलनको अवस्थालाई प्रस्तुत गरिएको छ। काठमाडौँ उपत्यकाको नेवारी परम्पराको परिवेश र स्थानीय दृश्यविधान, नेपाली समाजको वास्तविक समस्या एवं बालकको बालमनोविज्ञानको चित्रण कथामा विशिष्ट ढङ्गले भएको छ।

## कथानक

कथानक कथावस्तुभित्रको आधारभूत तत्त्व हो। कथावस्तुबाटै कथानकको निर्माण हुने हुँदा कथावस्तुलाई कथानकको कच्चा पदार्थका रूपमा लिने गरिन्छ। यो घटनाहरूको तार्किक एवं कार्यकारण सम्बन्धमा आधारित हुन्छ। परम्परागत रैखिक ढाँचाका कथामा कथानक आदि, मध्य र अन्त्यको क्रमिक शृङ्खलामा रहेको हुन्छ तर प्रयोगवादी आधुनिक कथामा कथानक वृत्ताकारीय रहेको हुन्छ। प्रस्तुत कथा परम्परागत शैलीको भएकाले यसमा रैखिक प्रकारको कथानक ढाँचा रहेको छ। कथानक एउटै सरल रेखामा शृङ्खलित रहेकाले आदि, मध्य र अन्त्यको संरचनामा आबद्ध रहेको छ।

## प्रारम्भ

कथाको प्रारम्भ नै "ज्ञानी अहिले आठ वर्षकी भई" (पृ.८७) भन्ने वाक्यबाट भएको छ। यस कथामा समाख्याताले कथाको सुरुमै बाल पात्रको चर्चा गरेर बालमनोविज्ञानको सन्दर्भलाई समस्याको पृष्ठभूमि बनाएका छन्। कथामा ज्ञानी जन्मिनु र उसका बुबा मर्नुलाई एकाकार गराई समस्यालाई प्रस्तुत गरिएको छ। "तँ बाबु टोक्नेसित के कुरा गर्नु" (पृ.८८) भन्ने प्रसङ्गबाट ज्ञानीको समस्यासँगै उसभित्रको अन्तरद्वन्द्व उजागर भएको छ। ज्ञानी आफू जन्मिएपछि बुबा मेरै कारणले बित्नुभएको सामाजिक दोषबाट पीडित भई त्यस कुराको चोटबाट मानसिक रूपले विचलित बन्नु परेको विषयलाई कौतूहलपूर्ण बनाई विकसित तुल्याइएको छ। आरम्भदेखि ज्ञानी केही बभ्ने भएको अवस्थामा दाइ धनले बुबा टोक्ने भनेको घटनाको प्रसङ्ग यस कथाको प्रारम्भ भाग हो।

## मध्य

ज्ञानीको कारुणिक पीडालाई कसैले पनि सही ढङ्गले समाधान गर्न सकेको छैन। उसले आफू रोइरहेको अवस्थामा रिसको आवेगमा आफैँले खेल्ने खेलौना र ऐना फुटाई आफ्नो पीडालाई कम गर्ने प्रयास गरेकी छे। त्यसैबेला आमाले आएर ज्ञानीलाई ऐना फुटाएको रिसमा कुट्ने र गाली गर्ने काम गरेकी छिन्। आमाले पनि रिसको भ्फोकमा ज्ञानीलाई बुबा टोक्ने भनेर लाञ्छना लगाउने काम गरेकी छिन्। त्यसपछि बज्यैले आएर उसलाई सान्त्वना दिने काम गरेकी छिन् तर उसको मानसिक पटलमा बुबा टोक्ने कुराले गम्भीर रूपमा चोट पुऱ्याएको छ। ऊ मानसिक रूपमा विक्षिप्त भएकीले कसैसँग बोलेकी छैन। ऊ चुपचाप बसेर आफ्नो मनको पीडालाई कम गर्ने कोसिस गरेकी छे। "आज ज्ञानी चुप छ, उस्तो बोल्दा पनि बोल्दिन। हाँस्ता पनि हाँस्तिन। आँखामा विषाद छ, अनुहारमा गम्भीरता" (पृ.९१) भन्ने कुराले ज्ञानीको निर्दोष बाल मानसिकतामा सामाजिक रूढिवादी सोचाइले गम्भीर चोट पुऱ्याएको छ। ऊ आफ्नो पीडालाई भुलाउन घरमा आमाका कामहरूलाई सघाइदिने गरेकी छे। यसरी कथाको मध्य भागमा ज्ञानीका बाह्य आन्तरिक क्रियाकलापको चित्रण गरी उसको मानसिक विचलनको चरम अवस्थाको चित्रण गरिएको छ।

## अन्त्य

ज्ञानीले आमालाई आफू जन्मेर बुबा मर्नुभएको हो भनेर भन्दा आमाले बुबा दिन पुगेर बित्नुभएको कुरा गरेकी छिन्। उसले आफू मरे फेरि बुबा फर्केर आउने असामान्यपूर्ण विकल्प आमालाई भनेकी छे। आमा उसको कहालीलाग्दो विकल्प र अवस्था देखेर दुःखी भएकी छिन्। ज्ञानीको असामान्य मानसिकताले निम्त्याएका परिणामहरूको चित्रण गर्दै उसको बालसुलभ अवस्थाको प्रस्तुति यस खण्डमा भएको छ। यहाँसम्म आइपुग्दा सङ्घर्षह्रास भई कथानक उत्कर्षबाट शिथिल भई अपकर्षतिर लागेको छ र समाप्तितिर अघि बढेको छ। बालसुलभ अवस्थाले गर्दा असामान्य अवस्थामा पुगी ज्ञानी अनौठो व्यवहार गर्दै आमालाई प्रतिप्रश्न गर्दछे। ऊ रातिको खाना खाई सुत्ने तर्खर गर्दा निदाउन पनि सकेकी छैन। उसको मनमा विभिन्न किसिमका कुराहरू खेलेका छन्। आमाले सुत्न भनेर आश्वासन दिँदा ऊ सुत्न नसकी मानसिक रूपमा विचलित भई छट्पटिएकी छे। घरपरिवार तथा समाजको अन्धविश्वासी सोचले गर्दा ज्ञानी आफूलाई नियन्त्रित अवस्थामा राख्न असफल भएकी छे। कथाले समाप्तिको सङ्केत गर्दा

पाठकमा ज्ञानीको एक किसिमको नमेटिने छाप पर्दछ । यसरी प्रस्तुत कथाको कथानक ढाँचा परम्परागत शैलीको रैखिक संरचनामा आबद्ध रहेको छ र घटनाका शृङ्खलाहरू एकअर्कामा अन्विति भएर आएकाले कथानक सबल रहेको छ र त्यो कलात्मक पनि बनेको छ ।

कथावस्तुभित्र कथानक र द्वन्द्वसँगै कथानक प्रस्तुतिको पद्धति पनि महत्त्वपूर्ण हुन्छ । कथानक प्रस्तुतिका दृश्यात्मक र विवरणात्मक गरी दुई पद्धतिहरू रहेका छन् । आधुनिक कथामा दृश्यात्मक पद्धतिमा आधारित भएर कथानकको प्रस्तुति गरिएको पाइन्छ । प्रस्तुत कथामा पनि दृश्यात्मक पद्धतिको प्रयोग भएको छ । यस कथामा घटनालाई मन्द बनाइएको छ र कार्यात्मक तहमा पात्रहरूका बिच संवादात्मक क्रियाका माध्यमबाट घटनाहरू प्रस्तुत गरिएको छ । यसका साथै कथामा पात्रको आन्तरिक मनोद्वन्द्वको स्थापना गरी दृश्यका एकाइहरूलाई जीवन्त रूपमा आकर्षक ढङ्गले प्रस्तुत गरिएको छ । अतः यस कथाको कथानक प्रस्तुति कलात्मक छ ।

## पात्रविधान

विवेच्य कथामा ज्ञानी, धन, बज्यै, आमा, बुबा आदि पात्रका रूपमा आएका छन् । तीमध्ये ज्ञानी कथाको प्रमुख पात्र हो भने धन, आमा, बज्यै सहायक पात्रहरू हुन् । अन्य पात्रहरू प्रसङ्गवश देखा परेर कथाको विशिष्ट परिवेश निर्माण गर्न सहयोग पुऱ्याउने गौण पात्रहरू हुन् । कथाको पात्रविधानका क्रममा सामाजिक मानसिक पृष्ठभूमिका पात्रहरू चयन गरिएको छ । अशिक्षित मानसिकताका कारण व्यक्ति मानसिकता कसरी असामान्य अवस्थामा पुग्छ भन्ने कुरालाई छर्लङ्ग पार्न सक्ने यथार्थ पात्रहरूको उपस्थापन गरी पात्रविधानलाई विश्वसनीय एवम् विशिष्ट तुल्याउनु यस कथाको पात्रविधानसम्बन्धी महत्त्वपूर्ण विशेषता हो । कथाको उद्देश्यअनुरूप सामाजिक, अशिक्षित एवम् मनोवैज्ञानिक समस्यालाई अभिव्यक्त गर्न सक्ने पात्र छनोट गरी प्रत्यक्ष तथा नाटकीय चरित्रचित्रण विधिद्वारा पात्रको चरित्रचित्रण गरिएको छ । कथामा शैक्षिक अचेतना एवम् वर्गीय समस्यालाई उठाइए पनि पात्रहरूका बिच वर्गसङ्घर्ष भने भएको देखिँदैन । शैक्षिक अचेतनालाई पृष्ठभूमिमा राखेर त्यसबाट सिर्जित बालमनोवैज्ञानिक समस्यालाई बढी महत्त्व दिइएका कारण ज्ञानी पात्रलाई बढी बालमनोवैज्ञानिक समस्याग्रस्त पात्रका रूपमा प्रस्तुत गरिएको प्रस्ट हुन्छ । उसको चरित्रनिर्माणमा प्रत्यक्ष तथा नाटकीय दुवै चरित्रचित्रण प्रविधिको प्रयोग गरिएको छ ।

## ज्ञानीको चरित्रचित्रण

प्रस्तुत कथामा ज्ञानीले कथनको कार्यात्मक तहमा उपस्थित भएर भोक्ताका रूपमा भूमिका निर्वाह गरेकी छे । ऊ कथाको प्रमुख पात्र हो । कथाको सुरुमै समाख्याताले “ज्ञानी अहिले आठ वर्षकी भई” (पृ.८७) भनेर प्रतीकात्मक रूपमा ज्ञानीको बाल चरित्रलाई प्रस्तुत गरी कथानकको आरम्भ गरेको छ । यस कथनबाट भविष्यमा कथानक उसकै केन्द्रीयतामा अगाडि बढ्छ भन्ने आधार तयार भएको छ । ज्ञानी बालसुलभ स्वभाव भएकी नारीबाल पात्र हो । उसका घरमा बज्यै, आमा र धन जस्ता आफन्तहरू छन् । ऊ एक्लै घरमा खेलौनाहरूसँग खेलिरहेकी छे । कथामा प्रत्यक्ष चरित्रचित्रण विधिको प्रयोग गरी उसलाई घरमा बुबा टोक्ने वा मार्ने भनेर अपहेलित बाल चरित्रका रूपमा उभ्याइएको छ भने अर्कातिर छोरी भएकै कारणले गर्दा लैङ्गिक विभेदको सिकार भएको व्यक्तिका रूपमा प्रस्तुत गरिएको छ । उसको बाल

मानसिकताको चित्रण गर्ने क्रममा भने नाटकीय चरित्रचित्रण विधिको प्रयोग गरिएको छ । ज्ञानी सानी छे र निर्दोष वा निश्चल पनि छे । सानी भएकै कारणले गर्दा ऊ खेलौना एवम् भाँडाकुटी खेल्ने गर्छे । समग्रमा भन्नुपर्दा ज्ञानी कथानकसँग जोडिएर आएकी बद्ध पात्र हो भने प्रत्यक्ष रूपमा मञ्चमै उपस्थित भएर कार्य गर्ने मञ्चीय पात्र हो । कथाको आरम्भदेखि अन्त्यसम्म नै चरित्रमा कुनै परिवर्तन नल्याई एकैनासको भूमिका निर्वाह गर्ने ज्ञानी स्थिर किसिमकी पात्र हो । यस कथामा ज्ञानीको चरित्रमार्फत सकारात्मक सन्देश दिइएको छ । ऊ कथाको सारवस्तु एवम् उद्देश्यलाई प्रतिबिम्बित गर्ने आदर्श चरित्र भएका कारण अनुकूल चरित्रका रूपमा देखापरेकी छे भने उसको चरित्रलाई सहजै बुझ्न सकिने हुनाले ऊ गोलो नभएर सपाट पात्रका रूपमा देखापरेकी छे । ऊ गाउँले परिवेशमा हुर्किएकी, सामाजिक, अपरिपक्व तथा मानसिक समस्या भोग्न विवश नारी बाल पात्र हो ।

प्रस्तुत कथामा ज्ञानी र अन्य पात्रको चरित्रचित्रणमा नाटकीय विधिलाई मुख्य रूपमा प्रयोग गरिएको छ भने आंशिक रूपमा प्रत्यक्ष विधिको पनि प्रयोग गरिएको छ । कथाको सुरुमै समाख्याताले “ज्ञानी अहिले आठ वर्षकी भई ”(पृ.८७) भनेर प्रत्यक्ष चरित्रचित्रण विधिमार्फत ज्ञानीलाई चरित्रका रूपमा प्रवेश गराए पनि उसका चारित्रिक विशेषताहरू समाख्यातासँगको उसको संवादबाट अभिव्यक्त भएका छन् । यसका साथै कथामा ज्ञानीको चरित्रलाई बुझ्न उसका भित्रीबाहिरी विशेषताहरूलाई विश्लेषण गर्नुपर्ने हुन्छ । त्यसैले यस कथामा सकेसम्म ज्ञानीको चरित्रलाई नाटकीकरण विधिमार्फत प्रस्तुत गरिएको छ । यसका निम्ति प्रस्तुत उदाहरणलाई आधार बनाउन सकिन्छ :

> *“साँझ पर्‍यो । अनि अँध्यारो भयो । भात पाक्यो । आज त अघिदेखि नै ज्ञानी माथि भान्छामा गएर आमालाई मदत दिनमा संलग्न भई । पहिले जस्तो कहाँ हो र, अब साँच्चीकै ज्ञानी । आमा र बज्यै अचम्म भएर ज्ञानीको मुख ताक्तथे । अनि किन हो कुन्नि, करुण मुस्कान छोड्दथे । ज्ञानी कहिले सकिनसकी कुचो लगाउँदथी, कहिले लोटामा पानी भर्दथी ।”* (पृ.९१)

यसप्रकार प्रस्तुत कथामा ज्ञानी पात्रको संवादबाट ऊ नारी बालचरित्र हो भन्ने कुरा बुझ्न सहज हुन्छ । उसका क्रियाकलाप, व्यवहार आदिमार्फत सामाजिक तथा मनोवैज्ञानिक रूपमा पीडित भएको कुरा प्रस्ट हुन्छ । यसरी विवेच्य पात्रहरूका बिचको संवाद तथा क्रियाकलापमार्फत चरित्रलाई प्रदर्शन गर्ने नाटकीय विधिको बढी सुन्दर प्रयोग गरिएको छ ।

## दृष्टिविन्दु

प्रस्तुत कथामा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको छ । यस कथाको समाख्याता कथा संसारभित्रै रहेको छ तर उसले आफूलाई सन्दर्भ बनाएको छैन । उसले तृतीय पुरुष पात्र ज्ञानीलाई केन्द्रमा राखी उसैसँग सम्बन्धित घटनालाई प्रस्तुत गरेका कारण यस कथामा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको छ । यस कथामा समाख्याता कथावाचकका रूपमा उपस्थित भए पनि उसका माध्यमबाट तृतीय पुरुष पात्र ज्ञानीको बाल मानसिक संवेगको खोजी र विश्लेषण गर्ने उद्देश्य कथाकारको भएकाले दृष्टिविन्दु बाह्य सीमित हुन पुगेको हो । ज्ञानी यस कथाको प्रमुख पात्र हो । ऊ दृष्टिकेन्द्र पात्रका रूपमा देखापरेको छ र समाख्याताले उसकै मानसिकताको सूक्ष्म निरीक्षण गरेको छ । कथाकारले कथाको सुरुमै एउटा बालनारी पात्रका माध्यमबाट विचलित अवस्थामा पुगेको ज्ञानीको मार्मिक अवस्थालाई प्रस्तुत गरेका

छन् । कथामा ज्ञानीको टिठ लाग्दो अवस्थाको विश्लेषण गरिएको छ । ऊ घरपरिवार र अन्य मानिसहरूले रुढिवादी परम्पराको आधारमा बुबा टोक्ने भनी मानसिक चोट पुऱ्याउने आधारमा उसको कुण्ठित भावना र विक्षिप्त मनोवृत्तिको उद्घाटन गरिएको छ ।

विश्लेष्य कथामा सुरुदेखि अन्त्यसम्म नै ज्ञानीलाई नजिकबाट नियालिएको छ । कथाको अन्त्यतिर ऊ यति विक्षिप्त भएकी छे कि आफू मरेर बुबा पुनः फर्केर आउने बालसुलभ निर्दोष मानसिकतालाई प्रस्तुत गर्दछे । यसरी प्रस्तुत कथामा कथावाचकका रूपमा समाख्याता पात्रलाई उभ्याई तृतीय पुरुष पात्र ज्ञानीको बाह्य-आन्तरिक जीवनको रहस्य खोतल्ने प्रयत्न भएकाले यस कथाको दृष्टिविन्दु बाह्य सीमित हुन पुगेको छ र यो कलात्मक ढङ्गले आएको छ । यस कथाको समाख्याता विश्वसनीय रहेको छ । उसले आफ्नो कथा नभनेर ज्ञानीको कथालाई तटस्थ ढङ्गले प्रस्तुत गरेको छ र ज्ञानीको चरित्रप्रति पाठकीय सहानुभूति प्रशस्त मात्रामा जागृत हुने हुनाले पनि यस कथामा दृष्टिविन्दुको उचित प्रयोग हुन पुगेको छ ।

## सारवस्तु

प्रस्तुत कथामा रूढिवादी समाजको चित्रण र लैङ्गिक असमानता अभिव्यक्ति गर्ने उद्देश्य राखिएको छ । कथामा नेपाली समाजको रूढिवादी समस्यालाई चित्रण गर्दै मानिसहरूले जीवनयापनका क्रममा भोग्नु परेका सामाजिक विकृतिहरूलाई चित्रण गरिएको छ र यसकै कारण मानिसहरूले सामाजिक तथा मनोवैज्ञानिक समस्या भोग्न बाध्य हुनुपरेको वास्तविकतालाई कथामा सारवस्तुका रूपमा प्रस्तुत गरिएको छ । कथाको प्रमुख पात्र ज्ञानी छोरी भएकै कारण अघि बढ्न सकेकी छैन भने समाजमा उसले हेपिएर बाँच्नु परेकी छे । मनोवैज्ञानिक रूपमा त ऊ झन् अचेतनको अतृप्त कुण्ठाका कारण विक्षिप्त बन्न पुगेकी छे । कथामा ज्ञानी जस्ता मानिसहरूको दयनीय अवस्थाको चित्रण गरी उनीहरूप्रति सहानुभूति प्रकट गरिएको छ ।

प्रस्तुत कथामा सामाजिक, लैङ्गिक, अशिक्षित एवम् मनोवैज्ञानिक पृष्ठभूमिका पात्रहरू उपस्थापन गरी सामाजिक सत्यलाई दुरुस्त उतार्ने प्रयत्न भएको छ । समाजमा अशिक्षित मानिसहरूको अवस्था दयनीय रहेको हुन्छ । सानोतिनो काम गरी खाने भए पनि उनीहरूको शैक्षिक अवस्था कहिल्यै सुदृढ बन्न सकेको छैन । कथामा आठ वर्षकी ज्ञानीले दयनीय जीवन भोग्नु परेकी छे । ज्ञानी सामाजिक जीवनको यथार्थ पात्र हो । बिनाकारण समाजका मानिसहरूले सामाजिक कुसंस्कारको निहुँमा बालबालिकाहरूलाई गलत ढङ्गले मानसिक चोट पुऱ्याउने गर्छन् । निर्दोष र निश्चल बालबालिकाहरूलाई आफू यस धर्तीमा किन र कसरी जन्मिए भन्ने कुरासमेत अवगत नभएको अवस्थामा समाजका मानिसहरूले रूढिवादी सोचका आधारमा बुबा टोक्ने वा मार्ने जस्ता गलत लाञ्छना लगाउँछन् । यस्तो लाञ्छनाले बालबालिकाहरूलाई कति र कस्तो चोट पर्छ भन्ने कुराको विचार नै नगरी दोष लगाउने गर्छन् भन्ने पीडाको अभिव्यक्ति कथामा वास्तविकताको नजिकबाट गरिएको छ । यस्तो समस्या धेरै मानिसहरूले भोगिरहेका छन् भन्ने कुरालाई यस कथामा सारवस्तुका रूपमा प्रस्तुत गरिएको छ । लैङ्गिक विभेदकै कारण छोरा र छोरीमा देखिएको असमानतालाई यथार्थवादी ढङ्गले प्रस्तुत गरिएको छ भने अतृप्त बालकुण्ठाका कारण

बालबालिका कसरी मनोरोगी हुन पुग्छ भन्ने सत्य पक्षको सन्धान पनि कथामा यथार्थ रूपमा हुन पुगेको छ। प्रस्तुत कथामा सामाजिक अन्धविश्वासले गर्दा बालबालिकाहरूको जीवन नरकीय बनी बालमस्तिष्कमा पार्ने नकारात्मक असरले गर्दा मनोरोगी भएर असामान्य अवस्थामा पुग्छ भन्ने कुरालाई सारवस्तुका रूपमा प्रस्तुत गरिएको छ। समाजमा बालबालिका, अपाङ्गता एवम् अशक्त व्यक्तिहरूलाई हेर्ने दृष्टिकोण सकारात्मक हुन सकेको छैन। ज्ञानी छलकपट नजान्ने बाल पात्र हुनुको कारण ऊ समाजमा अबोध पात्र बनेकी छे। नेपाली समाजको यो तितो सत्यलाई पनि कथाले स्वाभाविक रूपमा उठाएको छ। ज्ञानी जस्ता कैयौँ बाल पात्रहरू समाजमा यस्तै लाञ्छना सहेर बाँच्न बाध्य भएका छन् भन्ने कुरालाई पनि यस कथामा सारवस्तुका रूपमा प्रस्तुत गरिएको छ।

प्रस्तुत कथामा काठमाडौँ उपत्यकाकै आसपासको स्थानीय सामाजिक परिवेशलाई ग्रहण गरी सामाजिक रूढिवादी, लैङ्गिक विभेद, अशिक्षित समाज र कुण्ठित बाल मनोविज्ञानको यथार्थ चित्रणमार्फत सारवस्तुको प्रस्तुति भएको छ। कथामा बालमनोविज्ञानलाई सहज वृत्तिका रूपमा लिँदै यसको अतृप्तिमा बालकको अचेतन मनले चेतन मनलाई असामान्य प्रभाव पारी बालक मनोरोगी हुन सक्छ भन्ने कुरालाई सारवस्तुका रूपमा प्रस्तुत गरिएको छ।

प्रस्तुत कथामा सामाजिक रूढिवादी तथा बालमनोवैज्ञानिक समस्यालाई प्रत्यक्ष अर्थका तहबाट व्यक्त गरिएकाले प्रस्तुत कथाको अर्थसापेक्ष अभिधात्मक देखापर्दछ यद्यपि कथाको शीर्षक भने अभिधात्मक रूपमा आएको छ। यस कथामा निद्राले ज्ञानी पात्रको बाल संसारलाई प्रतिबिम्बित गर्दछ भने आएनले ऊ भित्रको विचलनलाई प्रकट गर्दछ। कथामा नेपाली समाजको रूढिवादी परम्परा र ज्ञानीको बालमनोविज्ञानलाई प्रत्यक्ष अर्थका तहबाट प्रस्तुत गरिएको छ।

## निद्रा आएन कथाको रूपविन्यास

प्रस्तुत कथामा संवृत रूपविन्यासको प्रयोग भएको छ। भाषा सरल र सुबोध किसिमको छ। पात्र अनुकूलको भाषिक प्रयोगमा कथाकार सचेत देखिन्छन्। घटना र परिवेश सुहाउँदो भाषिक शिल्पमा जोड दिँदै कलात्मक सौन्दर्य अभिव्यक्त गर्ने रुचि कथाकारको भएकाले कथाको रूपविन्यास आकर्षक बन्न पुगेको छ। कथाकारले कथ्य भाषाको प्रयोगमा पनि जोड दिएका छन्। विशेष गरी ज्ञानी पात्रको संवादमा यस्तो अभिव्यक्ति पाइन्छ। बिहे, दुल्हा, बा, आ रे, बाबु टोक्ने, हेर्नोस् जस्ता कथ्य भाषामा प्रयोग हुने शब्दहरूको प्रयोग गरी कथामा प्रस्तुतिगत मिठास भरिएको छ। कथामा एकातिर कथ्य अभिव्यक्तिमा जोड दिइएको छ भने अर्कातिर बिम्ब, प्रतीक, अलङ्कार आदिको प्रयोग गरी भाषिक अभिव्यक्तिमा काव्यात्मकता सिर्जना गरी भाषिक विशिष्टता ल्याइएको छ। यो प्रस्तुत कथाको रूपविन्याससम्बन्धी महत्त्वपूर्ण विशेषता हो। विशेष गरी ज्ञानी पात्रको चारित्रिक वर्णनमा यस्तो शिल्प पाइन्छ :

> *"ज्ञानीको आँखामा निद्रा थिएन, छटपटी भइरहेको थियो। त्यही आँखा झिम्म गर्दै खोल्दै ज्ञानी मानो केही कुरा हेर्न चाहन्छे। मानो कुनै समस्याको समाधान गर्न*

> *चाहन्छे- कहिले टोलाएर हेर्छे , त्यो हातबाट चिप्लिरहेछ, भागिरहेछ ! बाको तस्बिरमा भएको स्नेहभरि अनुहार अस्पष्ट कहिले सुस्पष्ट अनुहार कल्पनाबाट मानो ऊ हृदयङ्गम गर्न चाहन्छे" (पृ.१२) ।*

कथामा यसरी बिम्बात्मक एवम् काव्यात्मक भाषाको प्रयोग यत्रतत्र भएको छ। *"सबैले बाबु टोक्ने भन्छन्, म यहाँ, बा उहाँ"* जस्ता प्रतीकात्मक अभिव्यक्ति पनि कथामा प्रशस्त भएको पाइन्छ। *'बाबु टोक्ने' र 'म यहाँ'* ले यहाँ ज्ञानीको कारुणिक अवस्थालाई बुझाएका छन् । यस्तो प्रयोगले एकातिर अभिव्यक्तिलाई प्रस्ट पारेको छ भने अर्कातिर भाषिक मिठास थपेको छ। प्रस्तुत कथाको रूपविन्यास आकर्षक एवम् कलापूर्ण हुँदाहुँदै पनि विशिष्ट एवम् केही नवीन प्रकारको पनि छ। कथाकारले बिम्बात्मक, प्रतीकात्मक एवम् आलङ्कारिक भाषिक शिल्पका माध्यमबाट अभिव्यक्तिलाई स्पष्ट पार्नुका साथै प्रस्तुतिलाई विशिष्ट बनाएका छन् । संवृत रूपविन्यासअन्तर्गतकै नवीनता र प्रयोगशीलता भने यो अवश्य हो । गद्यमै पनि अनुप्रासको कला सिर्जना गर्नु यस कथाको रूपविन्याससम्बन्धी अर्को नवीनतम् विशेषता हो । कथामा उपमा अलङ्कारको प्रयोग धेरै ठाउँमा भएको छ । ज्ञानी साँच्चीकै ज्ञानी, त्यागीले भनेझैँ भनी र आँखामा ढिका ढिका आँसु टल्कँदै जम्मा भएर जस्ता उपमा अलङ्कारको प्रयोग गरी भाषिक मिठास थपिएको छ । यथास्थानमा टुक्का, निपात, अनुकरणात्मक शब्द आदिको समुचित विन्यास भएका कारण यस कथाको भाषाशैली सौन्दर्यले भरिएको छ। पल्याकपुलुक, खासखुस जस्ता अनुकरणात्मक शब्द र प्रचलित निपातले कथामा एउटा छुट्टै आकर्षण थप्न सकेको प्रस्ट हुन्छ ।

रूपविन्यासअन्तर्गत वाक्यगठन, पदविन्यास, संवादयोजना, दृश्ययोजना, अनुच्छेद योजना र शीर्षकचयन कथामा स्वाभाविक ढङ्गले भएको पाइन्छ। भाषिक शिल्पलाई काव्यात्मक बनाइएका कारण सरल, संयुक्त, मिश्र एवम् जटिल वाक्य कथामा प्रयोग गरिएको छ । संवादयोजना कथामा आकर्षक रहेको छ । पदविन्यासका क्रममा तत्सम, तद्भव र आगन्तुक शब्दको चयनमा कथाकारको विशेष रुचि देखिन्छ । अनुच्छेद योजना छोटाछोटा अनुच्छेदको प्रयोग गरी गरिएको छ। दृश्ययोजना अङ्क वा चिह्न नदिई आवश्यकताअनुसार सङ्क्षिप्त विधिको प्रयोग गरिएकाले आकर्षक दृश्यविधान हुन पुगेको छ। संवृत रूपविन्यासअन्तर्गत पनि विशिष्ट एवम् नवीन शैलीको अवलम्बन यस कथाको रूपविन्याससम्बन्धी विशेषता हो ।

## निष्कर्ष

प्रस्तुत कथामा रचनाविधानअन्तर्गत संरचना र रूपविन्यासको कलात्मक प्रयोग भएको छ । यस कथाको संरचनाका तहमा कथावस्तुका रूपमा समाजमा विद्यमान रूढिवादी परम्परा र यसको बालमनोवैज्ञानिक प्रभावलाई यथार्थवादी ढङ्गले प्रस्तुत गरिएको छ । कथावस्तुअन्तर्गत यस कथाको कथानक आदि, मध्य र अन्त्यको क्रममा शृङ्खलित रहेको छ। यसमा द्वन्द्वको उचित निर्वाह र घटनाको कौतूहलपूर्ण विन्यास भएका कारण कथानक आकर्षक बनेको छ। पात्रविधानअन्तर्गत यस कथामा प्रत्यक्ष चरित्रचित्रण विधिमार्फत रूढिवादी सामाजिक पृष्ठभूमिका पात्रहरूको उपस्थापन गरी जीवन्त रूपमा प्रस्तुत गरिएको छ । चरित्रमा स्वाभाविकता एवम् एकरूपता जस्ता विशेषता पाइने हुनाले यस कथाको पात्रविधान एवम्

चरित्रचित्रण विश्वसनीय तथा कलात्मक बनेको छ। प्रस्तुत कथामा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग गरी कथानकको प्रस्तुति गरिएको छ। समाख्याता कथा संसारभित्रै रहे पनि उसले आफ्नो कथा नभनेर प्रमुख पात्र ज्ञानीको कथा भनेको छ। आफ्नै अनुभवका आधारमा विश्वसनीय ढङ्गले ज्ञानी पात्रको चरित्रलाई भित्रबाहिरबाट नियाल्ने यो समाख्याता विश्वसनीय रहेको छ र उसको कथावाचन प्रभावकारी भएका कारण ज्ञानी पात्रप्रति पाठकीय सहानुभूति प्रशस्त मात्रामा उत्पन्न हुन्छ। यसबाट प्रस्तुत कथाको संरचना पक्ष निकै कलात्मक बन्न पुगेको छ। यस कथामा समाजमा रूढिवादी परम्परा रहेको र रूढिवादी कुसंस्कारका कारण ज्ञानी जस्ता थुप्रै बालबालिकाको सामाजिक जीवन नै सङ्कुचित हुन पुगेको र यसले उनीहरूको मानसिकतामा समेत गम्भीर असर पारेको कुरालाई सारवस्तुका रूपमा प्रस्तुत गरिएको छ। यस्तो सारवस्तु यस कथामा मूलतः प्रत्यक्ष अर्थका तहबाट र आंशिक रूपमा प्रतीकात्मक अर्थका तहबाट अभिव्यक्त भएको छ। सारवस्तुलाई बिनाआग्रह नाटकीकरण गरी प्रस्तुत गरिएका कारण यस कथाको सारवस्तु आकर्षक रहेको छ भने यसले कथात्मक सौन्दर्य पनि थपेको छ। यस कथामा रूपविन्यासअन्तर्गत संवृत रूपविन्यासको प्रयोग गरिएको छ जुन सरल भईकन पनि ज्यादै कलात्मक र आकर्षक रहेको छ। समग्रमा प्रस्तुत कथा कथानक, दृष्टिविन्दु, पात्रविधान आदि रचनाविधानका कथाकलाले परिपूर्ण भएको निष्कर्ष प्राप्त भएको छ।

## सन्दर्भ सामग्रीसूची


अवस्थी, महादेव र अन्य (२०५५), *नेपाली कथा, भाग-२,* सम्पा., ललितपुर : साझा प्रकाशन।

आचार्य, नरहरि र अन्य (२०५४), *नेपाली कथा, भाग-१,* सम्पा., चौथो संस्क., ललितपुर : साझा प्रकाशन।

पौड्याल, परशुराम (२०६६), *कथाको रूपविन्यास : सिद्धान्त र विवेचना,* दोस्रो संस्क., काठमाडौँ : बुद्ध एकेडेमिक पब्लिसर्स।

बराल, ईश्वर (२०४८), *झ्यालबाट,* सम्पा., पाँचौँ संस्क., काठमाडौँ : साझा प्रकाशन।

बराल, कृष्णहरि र नेत्र एटम (२०६७), *नेपाली कथा र उपन्यास,* काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा. लि.।

शर्मा, मोहनराज (२०५५), *समकालीन समालोचना : सिद्धान्त र प्रयोग,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

श्रेष्ठ, दयाराम (२०५७), *नेपाली कथा भाग-४,* दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन।

श्रेष्ठ, दयाराम (२०६६), *अभिनव कथाशास्त्र,* काठमाडौँ : पालुवा प्रकाशन।

श्रेष्ठ, दयाराम (२०७७), *साहित्यको अनुसन्धान व्यवस्थापन,* काठमाडौँ : शिखा बुक्स।